आज मिति २०७४ साल भाद्र १३ गते मंगलबारका दिन बिहान यस कपुरकोट गाउपालिकाकाको बिविध विषयमा छलफल गर्न गाउं कार्यपालिकाका अध्यक्ष श्री भिमबहादुर सेनज्यूको अध्यक्षतामा गाउं कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

## उपस्थिति

| | |
|---|---|
| श्री भिमबहादुर सेन | अध्यक्ष, कपुरकोट गाउंपालिका |
| श्री तिला बुढामगर | उपाध्यक्ष ,कपुरकोट गाउंपालिका |
| श्री बालाराम खड्गा | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री मानबहादुर राना | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री मिनबहादुर सेन | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री हरिलाल पुन | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री यमकुमार बस्नेत | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री हेरमबहादुर बुढाथोकी | वडा अध्यक्ष,कपुरकोट गाउंपालिका |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री भिमा भण्डारी | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री ललिता गिरी | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री शान्ता वली | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री टगविर कामी | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री यमुना नेपाली | कार्यपालिका सदस्य,कपुरकोट गाउंपालिका |
| श्री रमन्तबहादुर डांगी | कार्यकारी अधिकृत,सदस्य सचिव |
| श्री जीवराज खत्री | ना.सु. |
| श्री हरिराम ओली | लेखापाल |

## प्रस्तावहरु

१. स्कुलको भौतिक निर्माण सम्वन्धमा,

२. यस गाउँपालिका अन्तरगत विभिन्न विषयगत कार्यालयका करार कर्मचारी सम्वन्धमा,

३. कपुरकोट वजार क्षेत्रको सरसफाई तथा वजार व्यवस्थापनसम्वन्धमा,

४. गाउँकार्यपालिकामा रहने शाखा तथा कर्मचारी व्यवस्थापन सम्वन्धमा,

५. गाउपालिका अन्तरगतका वाटाहरु मर्मत सम्वन्धमा,

## निर्णयहरु

निर्णय नं.१,

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस गाउपालिका अन्तरगत जिल्ला शिक्षा कार्यालयवाट विद्यालयहरु तर्फ निर्माण हुने विभिन्न भौतिक पूर्वाधार विकासको लागि यस गाउपालिका अन्तरगत रहेका दुईवटा स्रोत केन्द्र स्तरीय प्र.अ.वैटकवाट शिफारिस भई आएका चारकोठे,दुइकोठे भवन निर्माण,भवन मर्मत तथा शौचालय निर्माण गर्ने सम्वन्धमा देहाय अनुसार छनौट गरि जिल्ला शिक्षा कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो

### तपशिल

(क) चारकोठे तर्फ

(१) विरेन्द्र मा.वि.गर्पा

(ख) दुई कोठे भवन तर्फ

(१) गायत्री आधारभूत विद्यालय गाडापानी

(२)सरस्वती आधारभुत विद्यालय सिनवाङ रातामाटा

(३) जनज्योति आधारभूत विद्यालय सिमलकुना

(४) सिद्ध आधारभूत विद्यालय खाली

(ग) शौचालय तर्फ

(१) जनचेतना आधारभूत विद्यालय लामपोखरा

(२) प्रावि क्यूरेनी

(३) भवानी मा.वि.छायनाथ

(४) भुवनेश्वरी आधारभूत विद्यालय सिन्दुरी

(५) जीवनज्योती मा.वि.रीम

(घ) भवन मर्मत तर्फ

(१) सिद्ध आधारभूत विद्यालय ढांर

(२) जानकी आधारभूत विद्यालय डाँगी

(३) दहवन प्रा.वि.दहवन

(४) कालिका मा.वि.कपुरकोट

(५ सरस्वती आधारभूत विद्यालय,सल्लाम

निर्णय नं.२,

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउपालिका अन्तरगत विभिन्न विषयगत कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरु सम्वन्धमा देहाय अनुसार व्यवस्थापन गर्ने निर्णय गरिया ।

### तपशिल

८।८।२०७२

(क) स्वास्थ्य क्षेत्र अन्तरगत :

कपुरकोट गाउंपालिका गाउं स्वास्थ्य शाखा कपुरकोट सल्यानको मिति २०७४।४।१ को पत्रानुसार यस गाउपालिका अन्तरगतका साविक चारवटा गा.वि.स.मा रहेका स्वास्थ्य चौकीहरुवाट चौविसै घण्टा प्रसूती गृह संचालनको लागि विगतमा जिल्ला स्वास्थ्य कार्यालयवाट तपशिलका ३ जना अनमी र ४ जना कार्यालय सहयोगी करार सेवामा नियुक्ति गरी कामकाजमा लगाउदै आएको र निजहरुलाई दिइदै आएको पारिश्रमिक हालको अवस्थामा जीवन यापनको लागि न्यून देखिएकोले अनमीका लागि मासिक १२०००। र का.स.का लागि मासिक १२०००। उपलब्ध गराउदा प्राप्त अख्तियारीमा अनमी तर्फ रु.१,५२,०००। र का.स.तर्फ रु.९६,०००। गरी जम्मा रु. २,४८,०००। अपुग हुन आउने देखिएकोले उक्त अपुग रकम सामाजिक विकास तर्फको स्वास्थ्य क्षेत्र व्यवस्थापन सहयोग शिर्षकवाट खर्च गर्ने व्यवस्था गरी प्रस्ताव गरिएका कर्मचारीहरुको कार्य सम्पादनका आधारमा २०७४श्रावन देखि २०७५आषाढ सम्म करार सम्झौता गरी कामकाज लगाउने निर्णय गरियो ।

तपशिल

अनमीहरु

१. पार्वता के.सी.धनवाङ स्वास्थ्य चौकी
२. चान्दनी वली,स्वास्थ्य चौकी सिन्तवाङ
३. धनकुमारी रानामगर,स्वास्थ्यचौकी गर्पा

का.स.तर्फ

१. सुसिला सेन, धनवाङ स्वास्थ्य चौकी
२. इन्द्रलाल बुढाथोकी, स्वास्थ्य चौकी सिन्तवाङ
३. विवा वि.क., स्वास्थ्य चौकी गर्पा
४. रनसिङ महतारा, स्वास्थ्य चौकी रीम

(ख) पशु सेवा तर्फ

कपुरकोट गा.पा.अन्तरगत जिल्ला पशु सेवा कार्यालयवाट एक गाउं एक प्राविधिक कार्यक्रम अन्तरगत करार सेवामा विगत देखि कार्यरत ना.प्र.स्वा.प्रा **श्री अविकिरण डि.सी.**को करार निरन्तरताको लागि जिल्ला पशु सेवा कार्यालयको च.न.६४ मिति २०७४।४।३२ मा लेखि आए अनुसार निज प्राविधिकको मिति २०७४ श्रावन देखि २०७५ आषाढ सम्म नियमानुसारको तलब र भत्ता पाउने गरि सो भुक्तानी पाउने गरी करार सम्झौताको म्याद थप गरी वार्ड नं ६ सिन्तवाङमा कामकाजमा लगाउने ।

(ग) कृषि सेवा तर्फ

कपुरकोट गा.पा.अन्तरगत कृषि सेवामा केन्द्रमा एक गाउं एक कृषि प्राविधिकको रुपमा ना.प्रा.स. कनला बली र सन्जीत राना कार्यरत रहेको र निजहरुको करार अवधि २०७४ आषाढमा समाप्त भएकोले निजहरुलाइ करार निरन्तरताको लागि जिल्ला कृषि विकास कार्यालयको च.न.६५ मिति २०७४।४।१२ मा लेखि आए अनुसार निज प्राविधिकहरुको मिति २०७४ श्रावन देखि २०७५ आषाढ

सम्म नियमानुसारको तलव र भत्ता पाउने भए सो समेत भुक्तानी पाउने गरी करार सम्झौताको म्याद थप गरी आवश्यकता अनुसारको क्षेत्रमा कामकाजमा लगाउने ।

निर्णय नं. ३,

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउपालिका अन्तरगतका बजारहरुको सरसफाई तथा व्यस्थापनको लागि समिति गठम तथा संचालन सम्वन्धी मापदण्ड,२०७४ स्वीकृत गर्दै मापदण्डमा भएको व्यवस्था तथा कपुरकोट बजार क्षेत्रको सरसफाई तथा फोहर व्यवस्थापनका लागि समिति गठन सम्वन्धी मिति २०७४।५।९ गतेको भेलाको निर्णय समेतका आधारमा निम्न अनुसार कपुरकोट बजार सरसफाई तथा बजार व्यवस्थापन समिति गठन गर्ने निर्णय गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १) श्री रुपक वुढा | अध्यक्ष |
| २) श्री रुपा एरी | उपाध्यक्ष |
| ३) श्री कृष्ण कुमार घिमाल | सचिव |
| ४) श्री जीतवहादुर सेन | कोषाध्यक्ष |
| ५) श्री राजन पन्त | सदस्य |
| ६) श्री धर्मवहादुर सेपांइली | सदस्य |
| ७) श्री वावुराम श्रेष्ठ | सदस्य |
| ८) श्री सीता शर्मा | सदस्य |
| ९) श्री होताराम वली | सदस्य |

निर्णय नं. ४,

प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउं कार्यपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी वनाउन गाउं कार्यपालिकाको स्वीकृत कार्यविभाजन नियमावली,२०७४को अनुसूचि १ बमोजिम गाउं कार्यपालिकाको शाखा संरचना हाललाई देहाय अनुसार व्यवस्था गरी वडा कार्यालय तथा गाउं कार्यपालिकामा यस कार्यालयमा विद्यमान तथा जिल्ला कर्मचारी व्यवस्थापन समिति सल्यानको निर्णयानुसार यस कार्यालयमा काज सरुवा भई आएका कर्मचारीको जिम्मेवारी हाललाई निम्नानुसार वांडफांड गरी कामकाजमा लगाउने निर्णय गरियो ।

तपशिल

(क) शाखा संरचना

१. सामान्य प्रशासन शाखा
२. राजश्व तथा आर्थिक प्रशासन शाखा
३. पूर्वाधार विकास तथा भवन नियमन शाखा
४. आर्थिक विकास शाखा
५. सामाजिक विकास शाखा
६. योजना अनुगमन तथा नक्साङ्‍ शाखा

(उपशाखाहरु नियमावलीमा तोकिए अनुसार हुने)

(ख) कर्मचारीको जिम्मेवारी बाँडफाँड

१. ना.सु.श्री जीवराज खत्री :

(क) सामान्य प्रशासन शाखा अन्तरगत पर्ने आन्तरिक लेखा परीक्षण बाहेक सबै उपशाखामा पर्ने जिम्मेवारी,

(ख) सामाजिक विकास शाखामा पर्ने उपशाखाहरुको जिम्मेवारी

(ग) योजना अनुगमन तथा मूल्याङ्कन शाखा अन्तरगत योजना तर्जुमा,कार्ययोजना निर्माण तथा उपभोक्ता समिति परिचालन सम्बन्धी कार्य

२. लेखा तथा प्रशासन सहायक श्री राजेन्द्र डाँगी :

(क) सामान्य प्रशासन अन्तरगतको आन्तरिक लेखा परीक्षण उपशाखाको सम्पूर्ण कार्य

(ख) आर्थिक विकास शाखा अन्तरगत पर्ने सम्पूर्ण कार्य

(ग) योजना अनुगमन तथा मूल्याङ्कन शाखा अन्तरगत योजना अनुगमन तथा मूल्याङ्कन इकाई र तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य ।

३. लेखापाल श्री विष्णु आचार्य :

(क) राजश्व तथा आर्थिक प्रशासन शाखा अन्तरगत राजश्व नीति तथा प्रशासन सम्बन्धी सम्पूर्ण कार्य

४. सब इन्जीनियर श्री प्रेम वि.क. .

(क) पूर्वाधार विकास तथा भवन नियमन शाखा अन्तरगत पर्ने सम्पूर्ण कार्य हेर्ने ।

५. खा.पा.स.टे.श्री तिलक प्रसाद चौलागाईं :

(क) सामाजिक विकास शाखा अन्तरगत खानेपानी व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्राविधिक कार्यको जिम्मेवारी हेर्ने ।

६. वडा कार्यालय तर्फ(अर्को व्यवस्था भएका पुल हेर्ने गरी)

(क) १ नं. वडा :

वडा सचिव : श्री गुरुप्रसाद योगी

कार्यालय सहयाक :

(ख) वडा नं. २

वडा सचिव : श्री श्री गुरुप्रसाद योगी

हाल कार्यरत का.स.

(ग) वडा नं.३ :

वडा सचिव : श्री विष्णु प्रसाद आचार्य

हाल कार्यरत का.स.

(घ) वडा नं ४

वडा सचिव : श्री ~~विष्णु प्रसाद आचार्य~~ टुकाराम बलो

(ङ) वडा नं ५

२०८१/८/१२

वडा सचिव : श्री सुसिल बोहरा
हाल कार्यरत अन्य कर्मचारीहरु
(घ) वडा नं ६
वडा सचिव : श्री ~~सुसिल बोहरा~~ ज्ञानबहादुर महतारा
हाल कार्यरत का.स.

निर्णय नं.५,
प्रस्ताव नं ५ माथि छलफल गदा वर्षातको पानिको कारण यस गाउपालिका क्षेत्र भित्रका मोटरबाटाहरु ठाउ ठाउमा विग्री आवत जावत तथा तरकारी बिक्रि वितरण गर्न किसानहरुलाई समस्या परेको अवस्था भएकोले तपशिलका बाटाहरुको तत्काल ट्र्याक खोल्नुपर्ने भएकोले तत्काल दरभाउपत्र माग गरी ट्र्याक खोल्ने व्यवस्था गर्ने र सो को लागि विविध शिर्षकबाट बजेट खर्च लेख्ने साथै वर्षात हटेपछि जनगुनासो आएका बाटाहरुको नीरिक्षण गरी सुधार गर्नैपर्ने कुनै बाटाहरु भए सोही शिर्षकबाट खर्च गर्नेगरी आवश्यक सुधार गर्ने निर्णय गरियो ।

तपशिल
१.कपुरकोट किमिचौर गांडापानी सडक
२. खाली सल्लाम हुदै सिन्दुरी सडक
३. सोलाबाङ रिम सडक
४. रीम हुदै जलबाङ सडक
५. कपुरकोट टेकन डाँडा दानबाङ गोठीबाङ सडक
६. किमिचौर गांडापानी माथिल्लो सडक